# लिम्चुङबुङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

## शिलवन्दी दरभाउपत्रसम्वन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७६/०९/२७**

यस कार्यालयद्धारा स्वीकृत बार्षिक कार्यक्रम बमोजिम तपसिलअनुसारको सामाग्रीहरु खरिद कार्य गर्नु पर्ने भएकोले इजाजत प्राप्त विक्रेता/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**शर्तहरु :**

१. दरभाउपत्र खरिदको लागि फारम दस्तुर बापत रु.१,०००।-(अक्षरुपी रु. एक हजार मात्र) यस कार्यालयकोनेपाल एस.बि.आई बैकको शाखा कार्यालय लिम्चुङबुङमा रहेकोसंचित खाता नं.४३२९५२४१२०७००१ मा नगद जम्मा गरी सो को रसिद सहित नविकरण गरेको इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अधिबृद्धि कर प्रमाणपत्र तथा अधिल्लो वर्षसम्म कर तिरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु सहितको निवेदन पेश गरेपछि सो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिन्छ।

२. खरिद गरिएका दरभाउपत्रहरु दोस्रो पटक प्रकाशित भएको मितिले १६ औं दिन अपरान्ह १२:०० बजे भित्र दर्ता गरिसक्नु पर्नेछ। तोकिएको मिति तथा समय भन्दा पछि बुझाएको दरभाउपत्र स्विकार गरिने छैन।

३. प्राप्त भएका दरभाउपत्रहरु १६ औं दिन अपरान्ह २:०० बजे उपस्थित भएका दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पुग्ने छैन।

४. दर्ता गर्न ल्याईएका दरभाउपत्र (परिमाणको मूल्य पत्र समेत) को शिलवन्दी खाममा दरभाउपत्र सि.नं., कामको नाम, विक्रेता/कम्पनी वा अधिकृत डिलरको नाम र ठेगाना स्पष्ट संग लेखिएको हुनुपर्नेछ।

५. दरभाउपत्र साथ यस कार्यालयको नेपाल एस.बि.आई बैकको शाखा कार्यालय लिम्चुङबुङमा रहेका धरौटी खाता नं.४३२२५२२४०६०००००३ मा तपसिलमा उल्लेखित रकम जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ७५ दिनको म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी गरिएको "विडवण्ड" संलग्न भएको हुनुपर्ने छ।

६. परिमाणको मूल्य पत्रमा तोकिए अनुसार दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ। स्पष्ट नभएमा अक्षरलाई मान्यता दिइनेछ। शर्त रहेको म्याद नाघी आएको, कार्यालयबाट विक्रि नभएको, एउटाको जमानत अर्काको रहेको, बाहिरि कामको प्रयोग भित्रको व्यहोरा संग फरक भएको, शिलवन्दी दस्तखत नभएको, कामको विल अफ क्वान्टिटिको प्रत्येक आइटमको दररेट भरी नआएको दरभाउपत्र माथि कुनै कार्यवाही हुनेछैन।

७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन क्रमशः दरभाउपत्र खरिद गर्न, दाखिला गर्ने र खोलिनेछ।

८. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पूर्ण रुपले स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ।

९. अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

१०. बोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्न निम्न कागजातहरु शिलवन्दी दरभाउ पत्र फारमसाथ अनिवार्य रुपामा पेश गर्नु पर्नेछ।

- क) फर्म वा कम्पनी दर्ता प्रमाण पत्र
- ख) व्यवसाय दर्ता इजाजत पत्र (नविकरण सहित)
- ग) स्थायी लेखा नं.(PAN) र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र
- घ) गत आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजात
- ङ) शिलवन्दी दरभाउपत्र दाता आफु वा हिस्सेदार वा आफ्नो प्रतिनिधि कुनै पनि शिलवन्दी दरभाउपत्रदाता तथा ठेक्का पट्टा गर्न प्रचलित कानून बमोजिम अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखत रुपमा स्वघोषण गरेको पत्र

१२. अन्य जानकारीको लागि ९८५२८२९०२१ वा ९८६२०७५८१५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | 03/LRM/NCB/2076/077 | मिनी टिलर | ३०,०००।- | १० थान |

**नि. प्रमुख प्रशासकिय अधिकृत**

तारा किरण राई